# प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

## कमल गाउँपालिका

### स्थानीय राजपत्रमा प्रकाशित मितिः २०७५/....

➢ **प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका बिषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम कमल गाउँपालिकाको दोश्रो गाउँसभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यो ऐनको नाम कमल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ।

(२) यो ऐन कमल गाउँपालिका क्षेत्रभित्र कमल गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितीबाट लागू हुनेछ।

**२. परिभाषाः**

(१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "ऐन" भन्नाले कमल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले कमल गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले कमल गाउँपालिकालाई सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिम गठन भएको कमल गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. नियम बनाउने अधिकारः**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका बिषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त कमल गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने बिषयमा मात्र बनाउनु पर्नेछ ।

**४) निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः**

(१) संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही कमल गाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।